# Terms of Referenceses (ToR) for Enlisting Suppliers list

**१. भुमिका**

नेपाल स्वास्थ्यको लागि पानी (नेवा) नेपालको एक राष्ट्रिय गैर सरकारी संस्था (NGO) हो जसले स्वच्छ पिउने पानी,सरसफाइ तथा स्वच्छताको प्रवर्धनको लागि कार्य गरिरहेको छ। सन १९९२ मा यसको स्थापना भए देखि हाल सम्म नेवाले देशका ५१ जिल्लामा कार्यरत रही लगभग एक्काइस लाख अर्थात कुल जनसंख्याको ७ % जनसंख्यालाइ लिङ्ग,जात, जनजाती तथा वर्गको विभेद नगरि सुरक्षित खानेपानी स्वास्थ्य शिक्षा तथा आधारभुत सरसफाइ सुविधामा पहुँच तथा सेवा पुर्‍याइरहेको छ ।

**२. उद्देश्यः**

यस सुची दर्ताको उद्देश्य सम्भवित तथा योग्य आपुर्तिकर्ताहरुवाट आवश्यक सामाग्रीहरु तथा सेवा आपुर्ति गर्न पाँउ भनि सुची दर्ता समावेश गराउनु रहनेछ । नेवाको खरिद प्रक्रिया नीति बमोजिम छनौट भएका योग्य आपुर्तिकर्ताहरु लाइ ततपश्चातको प्रक्रियामा समाबेश गराइनेछ ।

**३.कार्य क्षेत्र र विवरणः**

वागलुङ्ग स्थित नेवा प्रदेश कार्यालयले निर्धारण गरेको आवश्यक परिमाण अनुसारका सामाग्री तथा सेवाहरु सम्भावित तथा योग्य आपुर्तिकर्ताहरुवाट तपशिलमा उल्लेखित वर्गीकरण गरिएका सामाग्रीहरुको आपुर्तिका लागि सुची दर्ताको लागि आवेदन पेश गर्नु पर्नेछ ।

**४.संस्थालाई आपुर्ति गर्नुपर्ने सेवाहरु निम्न वमोजिम छनः**

१.कार्यालय प्रयोजनको लागि मसलन्द तथा अन्य सामाग्रीहरु ।

२.छपाई सम्वन्धी कार्य ।

३.कम्प्युटर,फोटोकपी,प्रिन्टर,विविध अफिस इक्युपमेन्ट तथा त्यस सम्वन्धी आवश्यक पाट पुर्जाहरु ।

४.मर्मत कार्य ( कम्प्युटर, फोटोकपी, टेलिफोन आदि) ।

५.मोटर तथा मोटरसाइकलका पाटपुर्जा तथा मर्मत कार्य ।

६.हार्डवयर सम्वन्धी विभिन्न किसिमका रंगरोगन,इनामेल, ह्वाइट सिमेन्ट, डिस्टेम्पर, तार्पिन तेल, ब्रश, रोलर,त्रिपाल,प्लास्टिक आदि ।

७.फ्लेक्स प्रिन्ट सम्वन्धी कार्य

८.होर्डिङ्ग, वोर्ड,स्वास्थ्य तथा सरसफाइ सम्वन्धी कोटेशन लेखन, आदि कार्य ।

**५.सुची दर्ताका लागि आवश्यक कागजात तथा शर्तहरुः**

- आवेदन पत्र,साथमा सम्वन्धित कार्य गर्न पाउने इजाजत पत्र,मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७७/०७८ को कर चुक्ता प्रमाण पत्र ।
- एउटै फर्मले एक भन्दा बढि समुहमा कार्य गर्ने भए छुट्टा छुट्टै निवेदनका साथै आवश्यक कागजात पेश गर्नु पर्नेछ ।
- साझेदारितामा विविध फर्म खोलिएको भए कुनै एक फर्मले मात्र निवेदन पेश गर्नुपर्नेछ । सो को

पुष्टिका लागि संस्थाको वेब साइट **http://newah.org.np/notice** मा उपलब्ध नमुना अनुसारको स्वघोषित फारम (Self Declaration Form) निवेदनका साथ पेश गर्नु पर्नेछ ।

**नोटः**

१ उपरोक्त बमेजिम सुचाी दर्ताका लागि दरखास्त दिँदा सम्वन्धित **"आवश्यक कागजात तथा शर्तहरु"** मा उल्लेख गरिएका सवै व्यहोरा तथा प्रमाणपत्रहरु खाम वन्दी गरि खाममा फर्मको नाम,छाप र सम्पर्क नं उल्लेख गरि पेश गर्नु पर्नेछ ।

२. सुची दर्ताको दरखास्त २०७९ असार २६ गते (१० जुलाई २०२२) समय बेलुकी ५:०० वजे भित्र तपशिलमा उल्लेखित ठेगानामा पेश गरि सक्नु पर्नेछ । म्याद नाघी वा उल्लेखित कागजातहरु नपुग भइ प्राप्त हुन आएका दरखास्त हरु मान्य हुने छैनन ।

३. प्राप्त निवेदनहरुलाइ सूचीकृत गर्ने वा नगर्ने भन्ने अन्तिम निर्णय गर्ने अधिकार संस्थामा निहित रहनेछ ।

(सूचीदर्ता को निवेदन वुझाउने ठाँउ)

**नेपाल स्वास्थ्यको लागि पानी (नेवा)**

**प्रदेश कार्यालय,वागलुङ**

(जिप पार्क, आर.बी. कम्प्लेक्स, एन. आइ। सि. एसिया बैकको दोस्रो तला)

FMR-23-SDF